# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०९।२६ गते।

# प्रेस विज्ञप्ति

**विषय: गण्डकी प्रदेशस्तरीय भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराको आयोजनामा मिति २०८०।०९।२६ गते बिहिबार गण्डकी प्रदेशस्तरीय भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन विषयक अन्तरक्रिया कार्यक्रम जिल्ला समन्वय समिति, कास्कीको हलमा सम्पन्न भयो। कार्यक्रम अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त श्री जय बहादुर चन्दको अध्यक्षता र गण्डकी प्रदेशका मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको भयो।

कार्यक्रममा प्रमुख अतिथि मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डले ऐन, कानुनको कार्यान्वयन र पालना गर्ने जिम्मेवारी हामी सबैको हो भन्नु हुँदै आयोजना बैंक बनाएर कार्य गर्न लागिएको बताउनु भयो। उहाँले अख्तियारले विभिन्न बुँदामा दिएको सुझाव सम्बन्धमा दल र प्रशासनको बुझाईमा फरक देखिएको र त्यसैलाई देखाएर कर्मचारीले जिम्मेवारी नै बहन गर्न नचाहने जस्तो अवस्था रहेको भन्नु भयो। माननीय आयुक्तले नियम पूर्वक कार्य गर्दा कसैसँग डराउन पर्ने अवस्था नरहेको स्पष्ट पार्दै अख्तियारलाई हाउगुजीको रुपमा नलिइ हातोमालो गरेर कार्य गर्न कर्मचारीलाई आग्रह गर्नुभयो।

कार्यक्रममा  गण्डकी प्रदेश प्रमुख सचिव श्री लक्ष्मी कुमारी बस्नेतले आयोगमा उजुरीहरु बढ्दै गएको सन्दर्भमा जनचेतनाको स्तर बढेको तथा आयोग सक्रिय भएर त्यस्तो भएको भन्दै आयोगमा व्यक्तिगत रिसइवीबाट उजुरी पर्ने उजुरी र बिना प्रमाण र आधारहिन उजुरीलाई नियन्त्रण गर्न आवश्यक रहेको धारणा राख्दै प्रदेश सरकारको तर्फबाट कार्यक्रम आयोजनाका लागि धन्यवाद ज्ञापन गर्नु भयो।

कार्यक्रमका अध्यक्ष तथा आयोगका माननीय आयुक्त श्री जय बहादुर चन्दले कार्यक्रममा उठेका जिज्ञासा तथा सुझावलाई सम्बोधन गर्दै नियम पूर्वक कार्य गरेमा कसैलाई केही नहुने र उजुरी पर्दैमा डराउनु नपर्ने वताउनु भयो। उहाँले ऐन, कानुनको परिपालना गरी भए गरिएका कार्यमा आयोगले कुनै कारवाही नगरेको र लहडको भरमा मुद्दा अभियोजन गर्ने नगरिएको जानकरी गराउनु हुँदै औचित्यहिन ठाँउमा हुने बजेट लगानीलाई नियन्त्रण गर्न आवश्यक रहेको बताउनु भयो। साथै, सबैले आफ्नो पद अनुसारको जिम्मेवारी कानुन बमोजिम बहन गरेमा भ्रष्टाचार आफैं नियन्त्रण हुँदै जाने स्मरण गराउँदै कार्यक्रममा सहभागिताका लागि प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरु लगायत सबैलाई धन्यवाद दिँदै कार्यक्रमको समापन गर्नु भएको भयो।

अन्तरक्रिया कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहसचिव श्री कोषहरि निरौलाले कार्यपत्र प्रस्तुत गर्दै भ्रष्टाचार नियन्त्रण सम्बन्धमा रहेका कानूनी व्यवस्था, आयोगले सुशासन प्रवर्द्धन गर्न एवं भ्रष्टाचार नियन्त्रणमा गरेका काम कारबाहीहरु, आयोगको कामको सामान्य प्रक्रियाको बारेमा जानकारी गराउनु भयो। राज्यले लिएको भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अनुरूप आयोगले आफ्नो दायित्व

निर्वाह गर्न प्रवर्द्धनात्मक, निरोधात्मक, उपचारात्मक तथा संस्थागत क्षमता विकासको रणनीति अवलम्बन गरिरहेको जानकारी गराउनु हुँदै भ्रष्टाचार नियन्त्रण गरी सुशासन स्थापना गर्न सके मात्र समग्र शासन प्रणाली संस्थागत हुने कुरा उल्लेख गर्नु भयो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराका कार्यालय प्रमुख सहसचिव श्री अस्मान तामाङले कार्यपत्र प्रस्तुत गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा आयोगको कार्यालय, पोखराबाट सम्पादन भएका काम कारबाहीहरू तथा भ्रष्टाचार न्यूनीकरण एवम् सुशासन प्रवर्द्धनका सन्दर्भमा भएका प्रगति बारे तथ्याङ्क सहित जानकारी गराउनु भयो ।

उक्त कार्यक्रममा गण्डकी प्रदेशका माननीय मन्त्रीहरु, प्रदेश सभाका सदस्यहरु, स्थानीय तहाका प्रमुख तथा उपप्रमुखहरु, गण्डकी प्रदेश सरकारका सचिवहरु, जिल्लास्थित संघीय तथा प्रादेशिक कार्यालयका कार्यालय प्रमुखहरु, मन्त्रालयका महाशाखा प्रमुखहरु एवं सञ्चारकर्मीहरु सहभागिता रहेको थियो।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया